सिटिजन खबर

VOLUME 5 | ASHAR 2082



MAJOR HIGHLIGHTS

Citizen Life™ Insurance

समृद्धि तपाईको, साथ हाम्रो

KEY PERFORMANCE INDICATORS

OUR STRENGTHS & ACHIEVEMENTS

- Office Network: 135 Branches/Sub Branches
- Number of Agents: 34,088
- Number of Products: 10
- Number of Policy Holders: 1,015,193
- Claim Settlement: 1.38 Billion

1*

2*

3*

- Total Investment: NPR 22.72 Billion
- Life Insurance Fund: NPR 18.02 Billion
- Reserve and Surplus: NPR 2.34 Billion
- Company Rating: [ICRANP-IR] BBB
- Trademark - 15

- Winner "Best Strategies for Insurance Spreading" by Indian Chamber of Commerce on 4th emerging Asia Insurance Awards 2023



- Corporate Business Excellency Award 2022 as a "Best Life Insurance Company of the Year"



- HRM Nepal "Corporate Excellence Award 2024" in Life Insurance Category



MAJOR INITIATIVES AND CAMPAIGNS

नेपाल मै पहिलो पटक

• बीमा अवधि समाप्तिमा बीमांकको डबल + बोनस
• रु. ५० लाख सम्मको २० घातक रोगको रक्षावरण

Insurance Awareness and Professional Agency Recruitment Campaigns

• विद्यार्थीसंग बीमा कार्यक्रम
• गुरु सम्मान कार्यक्रम
• जीवन बीमा जरुरी छ अभियान
• सुनौला १०० दिन अभियान
• सिटिजन स्वरोजगार अभियान
• Mission Active
• Level Up

5

6

7

8

Initiatives under Digital Citizen

- Online policy purchase facility
- Online premium and renewal payment facility
- Dynamic QR Code
- Video KYC

Initiatives under Citizen Care

- Hospital Tie Ups for value added service for client, agents and employees
- Green Initiative: Nurture the Nature, Citizen For Future
- GEN Z focused activities

*TILL THE END OF FY 2081/082, 3rd QUARTER

PRESS RELEASE

सिटिजन लाइफ कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित



सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीलाई HRM नेपालद्वारा आयोजित अवार्ड फर कर्पोरेट एक्सिलेन्स २०२४ को लाइफ इन्स्योरेन्स विधामा कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मान गरिएको छ । यस अवार्डको लागि मनोनीत लाइफ इन्स्योरेन्स कम्पनीहरू मध्येबाट सिटिजन लाइफ इन्स्योरेन्स यस अवार्ड जित्न सफल भएको थियो ।

नेपाली बीमा कम्पनीहरूको वित्तीय विवरण तथा सूचकाङ्कहरू, संस्थागत सुशासन आदि अध्ययनको आधारमा सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी उत्कृष्ट कम्पनीको रूपमा पुरस्कृत भएको हो ।

२०८१ फागुन १३ गते, मङ्गलबार आयोजित भव्य समारोहका बीच सिटिजन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पोषक राज पौडेल ज्यू साथै नायब प्रमुख कार्यकारी अधिकृत दिप बहादुर वि. सी. ज्यू लाई आयोजकका तर्फबाट अवार्ड प्रदान गरिएको थियो ।



सिटिजन लाइफको आठौं वार्षिक साधारण सभा सम्पन्न

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो आठौं वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गरेको छ। कम्पनीका सञ्चालक समिति र लगानीकर्ताहरू बिच संस्थाको व्यवसायिक अवस्था र भविष्यका योजनाहरुका बारेमा छलफल गर्नका लागि वार्षिक रूपमा आयोजना गरिने उक्त कार्यक्रम २०८१ साल चैत्र १५ गते, काठमाडौंको नक्साल भाटभटेनी स्थित आम्रपाली ब्यांक्वेटमा सम्पन्न भएको हो ।

सभाले अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरेको थियो । सभाले हाल कायम रहेको चुक्ता पुँजी ३ अर्ब ९३ करोड ७५ लाख रूपैयाँको कुल २८.४०४३४६९८ प्रतिशत लाभांश स्वीकृत गरेको छ, जसमा २६.९८४१२६९८ प्रतिशतले हुन आउने १ अर्ब ६ करोड २५ लाख रूपैयाँ बराबरको बोनश शेयर र कर प्रयोजनार्थ १.४२०२२ प्रतिशतले हुन आउने करिब ५ करोड ५९ लाख २१ हजार रूपैयाँ नगद लाभांश रहेको छ ।

सभामा १२ जना शेयरधनीहरूले बोलेका थिए । सभामा बोल्ने अधिकांश शेयरधनीले संचालक समिति र कम्पनीका सिईओ पोषकराज पौडेलको चर्चा गरेका थिए । शेयरधनीहरूले यो आर्थिक वर्ष २०८१/०८२ मा पनि गत आर्थिक वर्षमा पाए भन्दा धेरै लाभांश पाउने अपेक्षा गरेका छन् ।





सिटिजन लाइफद्वारा आयोजित सिटिजन हिरोज कनक्लेभको चौथो संस्करण सम्पन्न



सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीद्वारा प्रत्येक वर्ष आयोजित हुने तीन दिने कार्यक्रम "सिटिजन हिरोज कनक्लेभ" को चौथो संस्करण सफलतापूर्वक सम्पन्न गरिएको छ । उक्त कार्यक्रम २०८१ साल भाद्र महिनाको १४ गते देखी १६ गतेसम्म चितवनको सौराहा स्थित पार्क सफारी रिजोर्टमा सञ्चालन गरिएको थियो । सबल अनि सक्षम, निरन्तर प्रगतिको पथमा भन्ने नाराका साथ सञ्चालन गरिएको यस कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले हरेक वर्ष कम्पनीमा कार्यरत सिनियर एजेन्सी मेनेजर सहित अघिल्लो आर्थिक वर्षमा उत्कृष्ट कार्य गरेको आधारमा केहि एजेन्सी म्यानेजरहरूलाई सो कार्यक्रममा सहभागी गराउँदै आएको छ । छनौट भएका सिनियर एजेन्सी मेनेजरहरूको थप क्षमता अभिवृद्धि गरेर हौसला प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रममा उच्च अनुभवी प्रशिक्षकबाट विभिन्न विषयमा तालिम दिएर हरेक ढङ्गबाट सक्षम बनाउने उद्देश्य रहेको छ । यस्तो किसिमको कार्यक्रमले लिडर्सहरूलाई उत्प्रेरणा मिल्नुका साथै काम गर्ने विषयमा नयाँ ढङ्गले सोच्ने र नयाँ तरिका अप्नाएर आफ्नो टिमलाई अझै सबल र प्रतिस्पर्धी बनाउन मद्दत मिल्ने गरेको कम्पनीको अनुभव छ । सिटिजन लिडर्सहरूलाई नियमित कार्यशैली भन्दा नयाँ र फरक ढङ्गले व्यवसाय गर्दा उपलब्धी राम्रो हुने र व्यवसायिक सफलता हासिल गर्न सजिलो हुने विगतको अनुभवले देखाएको छ । यसै क्रमलाई कम्पनीले मध्यनजर गर्दै उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय प्रशिक्षक सायद अफजल अहमदद्वारा हाल कम्पनीमा कार्यरत ५५ भन्दा बढी लिडर्सहरूलाई तालिम प्रदान गरिएको थियो ।

साथै यसै कार्यक्रममा कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तालिम पनि संचालन गरेको थियो । उक्त तालिममा गैर कानुनी कमाई र आतङ्ककारी कार्यबाट संकलित कालो धनलाई बीमाको माध्यमबाट सेतो धन बनाउने कार्यलाई कसरी नियन्त्रण गर्न सकिन्छ, यसका प्रक्रियाहरू के के हुन्, रिपोर्टिङ कसरी गर्ने आदि विषयमा विस्तृत जानकारी दिइएको छ ।

यस कार्यक्रममा एजेन्सी म्यानेजरहरूका साथै कम्पनीको व्यवस्थापन टिम लगायत प्रमुख व्यवसाय अधिकृतहरूको समेत उपस्थिति रहेको थियो । प्रचलित कानुन, नीति, नियम एवम् नियमनकारी निकायबाट जारी निर्देशनहरूको परिपालन गर्दै र सञ्चालक समितिको मार्गदर्शन अनुरूप संस्थागत सुशासन कायम गर्दै निर्धारित व्यवसायिक लक्ष्य हासिल गर्न व्यवस्थापन कटिबद्ध रहेको र सोका लागि कम्पनीको सेवालाई थप गुणस्तरीय बनाउने प्रतिवद्धता व्यक्त गर्दै समग्रमा कार्यक्रम निकै उत्साहजनक र फलदायी रहेको थियो ।

सिटिजन लाइफ वीमेन्स फोरमद्वारा लैङ्गिक हिंसा सम्बन्धि कार्यक्रम सम्पन्न



सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो सातौं वार्षिकोत्सवको अवसर मा ११ जना सदस्य सहितको वीमेन्स फोरमको गठन गरेको छ। यस कम्पनीमा कार्यरत महिला कर्मचारीहरूलाई उत्कृष्ट कार्यस्थल बनाउन समन्वय गर्ने, त्यसबारे आवश्यक पहल गरी त्यस्ता विषयहरू माथि छलफल गर्ने र समस्याहरू देखिएमा समाधान गर्न आवश्यक भूमिका खेल्ने उद्देश्यले गठन गरिएको यस फोरमले पहिलो कार्यक्रम सम्पन्न गरेको थियो ।

विश्वव्यापी रूपमा चलिरहेको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानलाई मध्यनजर गर्दै कम्पनीको प्रधान कार्यालयमा "हामी सबैको प्रतिबद्धता: लैङ्गिक हिंसा अन्त्यको ऐक्यबद्धता" को विषयमा कार्यक्रम सम्पन्न गरिएको थियो । सो कार्यक्रमको मुख्य श्रोत व्यक्तिको रूपमा राष्ट्रिय महिला आयोगकी सचिव पार्वती अर्यालको उपस्थिति रहेको थियो । अर्यालले लैङ्गिक हिंसाको प्रकार, कार्यस्थलमा हुने लैङ्गिक हिंसा र व्यवसायिक संस्थाहरूले अपनाउनुपर्ने कानुनी व्यवस्थाबारे विस्तृत रूपमा प्रशिक्षित गर्नुभयो । उक्त कार्यक्रममा प्रत्यक्ष र अनलाईन मार्फत उपस्थित १७८ जना सिटिजनका कर्मचारीहरूलाई लैङ्गिक हिंसा विरूद्ध ऐक्यवद्ध भएर काम गर्न अर्यालले प्रोत्साहन समेत गर्नुभयो । उक्त कार्यक्रममा अर्यालले, लैङ्गिक हिंसा महिलाहरू माथि मात्र नभई पुरूषहरूमाथि पनि हुने गरेको र यसबारे कसरी बच्ने र भएको खण्डमा कसरी कानुनी रूपमा अघि बढ्ने भन्ने बारेमा पनि जानकारी दिनुभयो ।

फोरमको संयोजक रिता पाठकले आचारसंहिता तयार गरी महिलाहरूको भूमिकालाई प्रोत्साहन र समर्थन गर्ने प्रतिबद्धता जनाउँदै लैङ्गिक हिंसाका पिडितलाई आवाज उठाउन अनुरोध गर्नुभयो । फोरमले आगामी दिनहरूमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने र संस्थागत सामाजिक उत्तरदायित्व अनुरूप विभिन्न कार्यहरू गर्ने सोच रहेको बताएको छ ।

कार्यक्रमको अन्तिम चरणमा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत दिप बहादुर वि. सी. ले सुरक्षित र समावेशी कार्यस्थल बनाउने कम्पनीको प्राथमिकता रहेको जनाउँदै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

यस वीमेन्स फोरमको मुख्य उद्देश्य कम्पनीमा कार्यरत महिला कर्मचारीहरूलाई सशक्तिकरण गर्नुका साथै महिला लगायत सबैको लागि उत्कृष्ट कार्यस्थल र वातावरण बनाउन समन्वय गर्ने र सोको सहजताको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मद्दत गर्ने तथा कार्यालयमा लैङ्गिक समानता कायम राख्न समन्वय गर्नु रहेको छ ।

सिटिजन लाइफको ३ दिने सिटिजन एन्युअल बिजनेस रिट्रीट २०८१ सम्पन्न



सिटिजन लाइफ इन्स्योरेन्सद्वारा सञ्चालित कार्यक्रम 'सिटिजन एन्युअल बिजनेश रिट्रीट पोखरामा भव्यताका साथ सम्पन्न भएको छ । कम्पनीले आयोजना गरेको उक्त कार्यक्रम मंसिर १४ गतेदेखि १६ गतेसम्म पोखरा स्थित होटेल "पोखरा ग्रान्ड" मा सम्पन्न भएको हो । यस कार्यक्रममा देशभरिबाट २५० जनाको सहभागीता रहेको थियो ।

सिटिजन लाइफले आफ्नो कर्मचारी र अभिकर्ताहरूको लागि विभिन्न सीप विकास कार्यक्रम अन्तर्गत नियमित समयको अन्तरालमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रशिक्षकहरुबाट विशेष प्रशिक्षण कक्षाहरु प्रदान गर्दै आएको छ । यसै सन्दर्भलाई निरन्तरता दिदै सञ्चालन गरिएको यस कार्यक्रमको मुख्य उद्देश्य सिटिजन लिडर्सहरूलाई विभिन्न क्षेत्रहरूमा अझै ज्ञान प्रदान गर्नु रहेको छ। यस कार्यक्रममा मुख्य प्रशिक्षकको रूपमा अन्तर्राष्ट्रिय प्रशिक्षक विजय कुमार झाको उपस्थिति रहेको थियो । प्रशिक्षक झाले सिटिजन लिडर्सहरूको क्षमता तथा आत्मविश्वास अभिबृद्धिलाई मध्यनजर गर्दै बिक्री कला विकास, व्यक्तित्व विकास, सञ्चार, पेशा प्रति आत्मविश्वास, व्यक्तिगत प्रस्तुति लगायत एमडीआरटी किन आवश्यक छ जस्ता विभिन्न कुराहरूको प्रशिक्षण दिनुभएको थियो ।

उक्त कार्यक्रममा देशका विभिन्न क्षेत्रबाट सहभागीता जनाएका सिटिजन लिडर्सहरूले विविधतामा एकताको भावनालाई झल्काउदै आफ्ना सांस्कृतिक पोसाक तथा मौलिक संस्कृतिमा नाच-गान गरेर कार्यक्रमलाई भव्य र उत्कृष्ट बनाएका थिए ।

कार्यक्रममा उपस्थित सहभागीहरूलाई ७ वटा हाउसमा विभाजित गरी टिम निर्माणका लागि मनोरञ्जनात्मक खेलहरू खेलाइएको थियो । यस कार्यक्रमका साथै सिटिजन लाइफका अभिकर्ताहरूले पोखराका विभिन्न पर्यटकीय क्षेत्रहरूको अवलोकन गरेर सो क्षेत्रका सामाजिक तथा आर्थिक वातावरणको बारेमा बुझ्ने मौका समेत पाएका थिए ।

एन्युअल बिजनेश रिट्रीट कार्यक्रममा कम्पनीका ब्रान्ड एम्बेसेडर मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल एवम् कम्पनीका प्रमुख मार्केटिङ अधिकृत भुषण रिमाल लगायत कम्पनीका उच्च पदस्थ अधिकारीहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा प्रशिक्षित सहभागीहरुको क्षमता अभिबृद्धि हुने तथा व्यवसायमा सहयोग मिल्ने कम्पनीले विश्वास लिएको छ ।

सो कुरालाई मध्यनजर गर्दै, सुचारु गरिएको यस कार्यक्रमबाट उपस्थित सबै जनाले धेरै कुराहरूको ज्ञान प्राप्त गरेका र सिकेका कुराहरू आउने समयमा व्यवसायिक र व्यक्तिगत जीवनमा काम लाग्ने आशा भएको जनाए । यसै कार्यक्रममा सिटिजन अर्निङ पोइन्टको उद्घाटन पनि गरिएको थियो । आगामी दिनहरुमा पनि यसै प्रकारका विभिन्न तालिम तथा शिक्षामुलक कार्यक्रमहरू सञ्चालन गरिने प्रतिबद्धता जनाउदै कार्यक्रम समापनको घोषणा गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले उपस्थित सम्पूर्ण सिटिजन लिडर्सहरूको मिहिनेत र परिश्रमको कदर गर्दै आउँदो दिनहरूमा अझै व्यापार वृद्धि र व्यक्तिगत वृद्धिको उच्च सम्भाव्यता रहेको विचार प्रस्तुत गरेका थिए ।

सिटिजन लाइफ इन्स्योरेन्सद्वारा नेपालभरी सम्पत्ति शुद्धीकरण सम्बन्धी तालिम सम्पन्न



सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तालिम सम्पन्न गरेको छ । २०८१ साल, पौष २० गते बर्दिबासमा आयोजित कार्यक्रममा बर्दिबास क्षेत्रका साथै हेटौंडा क्षेत्र लगायत नारायणगढ शाखाका अभिकर्ता एवम् त्यहाँको सम्पूर्ण कर्मचारीहरू र केहि विभागीय प्रमुखहरू समेतको सहभागितामा सो तालिम कार्यक्रम सञ्चालन गरिएको थियो ।

तालिम कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री पोषक राज पौडेल ज्यूले प्रस्तुत गर्नुभएको थियो । उक्त तालिममा गैर कानुनी कमाई र आतङ्ककारी कार्यबाट संकलित कालो धनलाई बीमाको माध्यमबाट सेतो धन बनाउने कार्यलाई कसरी नियन्त्रण गर्न सकिन्छ, यसका प्रक्रियाहरू के के हुन्, रिपोर्टिङ कसरी गर्ने आदि विषयमा विस्तृत जानकारी दिइएको थियो । उहाँले यसको महत्व र प्रभावका साथै यसलाई कार्यन्वयन गर्न हरेक कर्मचारीले गर्नुपर्ने कामको बारेमा जानकारी दिनुभयो ।

गत साल भै यस २०८१ सालमा पनि कम्पनीले देशभरी विभिन्न ठाउँमा सम्पत्ति शुद्धीकरण सम्बन्धी यस तालिमको आयोजना गर्दै आएकोमा यो सातौं र अन्तिम स्थान हो । यस भन्दा पहिले असोज र मंसिर ६ गते दुई पटक काठमाडौंमा, पोखरा र बाग्लुङ क्षेत्रको लागि कार्तिक १० गते पोखरामा, बुटवल, जीतपुर र भैरहवा क्षेत्रको लागि मंसिर १ गते बुटवलमा, मंसिर २२ गते पश्चिमको धनगढी, नेपालगञ्ज, सुर्खेत क्षेत्रको लागि कोहलपुरमा साथै मंसिर २७ गते पूर्वको इटहरी, इनरूवा र बिर्तामोड क्षेत्रका कर्मचारी र अभिकर्ताहरूका लागि इटहरीमा यस तालिम सम्पन्न गरिएको थियो । बर्दिबासमा सम्पन्न अन्तिम तालिम पश्चात कम्पनीले सम्पत्ति शुद्धीकरण सम्बन्धी तालिम नेपालभरि सम्पन्न गरेको छ ।



सिटिजन लाइफ इन्स्योरेन्सको MDRT 2025 सम्मान कार्यक्रम सम्पन्न



सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले दुई दिनको MDRT 2025 (Million Dollar Round Table) कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । उक्त कार्यक्रम २०८१ साल फागुन ९ र १० गते भरतपुरको चितवन स्थित सिराइचुली होटेलमा भव्यताका साथ सम्पन्न गरिएको थियो । सो कार्यक्रमको मुख्य उद्देश्य यस कम्पनीमा आबद्ध रही एमडीआरटी २०२५ का लागि छनोट भएका साथै कम्पनीले तोकेको व्यवसायिक लक्ष्य हासिल गर्न सफल उत्कृष्ट लिडरहरूलाई सम्मान गर्नु हो । यो संगै आउदो समयका लागि आवश्यक व्यापार रणनीतिहरू बारे छलफल तथा प्रशिक्षण प्रदान गर्नु पनि रहेको थियो ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले हरेक वर्ष अघिल्लो आर्थिक वर्षमा उत्कृष्ट कार्य गरेको आधारमा कम्पनीमा कार्यरत सिनियर एजेन्सी मेनेजरहरूलाई सो कार्यक्रममा सहभागी गराउँदै आएको छ ।

उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री पोषक राज पौडेल ज्यू, नायब प्रमुख कार्यकारी अधिकृत श्री दिप बहादुर वि. सी ज्यू, प्रमुख बजार व्यवस्थापन अधिकृत श्री भुषण रिमाल ज्यू, प्रमुख वित्तीय अधिकृत श्री गोपाल पंगेनी ज्यू, साथै प्रमुख व्यवसाय अधिकृतहरू र केहि विभागीय प्रमुखहरू गरी ७० जनाको सहभागीता रहेको थियो । यस कार्यक्रममा ४२ जना एमडी.आर.टी. क्वालिफायर र ३ जना सि.ओ.टि. (Court Of the Table) क्वालिफायर लाई खादा, माला, प्रमाणपत्र, र पुरस्कार सहित सम्मानित गरियो ।

यस कार्यक्रमको उद्देश्य सम्मान मात्र नभई उपस्थित सहभागीहरूलाई प्रशिक्षण प्रदान गर्नु पनि रहेको हुनाले उक्त कार्यक्रममा तालिम प्रदान गर्नका लागि अन्तर्राष्ट्रिय प्रशिक्षक तथा बीमा विशेषज्ञ श्री हिमान्शु जोशी ज्यूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रशिक्षित सहभागीहरुको क्षमता अभिबृद्धि हुने तथा व्यवसायमा सहयोग मिल्ने कम्पनीले विश्वास लिदै आएको छ । यस्तो किसिमको कार्यक्रमले लिडर्सहरूलाई उत्प्रेरणा मिल्नुका साथै काम गर्ने विषयमा नयाँ ढङ्गले सोच्ने र नयाँ तरिका अप्नाएर आफ्नो टिमलाई अझै सबल र प्रतिस्पर्धी बनाउन मद्दत मिल्ने गरेको कम्पनीको अनुभव रहेको छ ।

उक्त कार्यक्रम समापनको अवसरमा सिटिजन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत श्री पोषक राज पौडेल ज्यूले नवीनताको आधारमा सिटिजन लाइफ अघि रहेको र कम्पनीले सफलता हासिल गर्नमा यस कम्पनीका सिटिजन लिडरहरूको मुख्य भूमिका रहेको बताउँदै सो कार्यक्रममा उपस्थित सिटिजन लिडरहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । आउँदो दिनहरूमा अझै व्यवसायिक वृद्धि र व्यक्तिगत वृद्धिको उच्च सम्भाव्यता रहेको विचार प्रस्तुत गर्नुभएको थियो ।

FINANCIAL HIGHLIGHTS

First Premium (Rs. In Lakh):



Total Premium (Rs. In Lakh):



Net Profit (Before Deffered Tax) (Rs. In Lakh)



Net Worth Per Share



Investments (Rs. In Lakh)



Life Fund (Rs. In Lakh)



Management Expenses Ratio



Solvency Margin



Total Number of Agents



Number of Inforce Policies



ARTICLES

वित्तीय संस्थाहरूमा आवधिक लघुबीमाको अपरिहार्यता



शिव अधिकारी
बीमा बिज्ञ

जनसंख्याको बृद्धि र तिव्रगतिमा हरेक क्षेत्रमा भएको विकाससँगै मानव जीवनमा स्वास्थ्य, शिक्षा, सचेतना, उचित आहार व्यहार, नयाँ-नयाँ आविष्कार, सकारात्मक सोच, चिन्तन साथै नविनतम प्रविधि लगायत धेरै विषयहरू त्यतिकै टडकारो आवश्यकताको रूपमा रहि आएको छ र यी विषयहरूको अभावमा अहिलेको युगमा मानव साच्चै मानवको रूपमा प्रस्तुत हुन सक्दैन । उल्लेखित यी विषयहरू जतिकै महत्वपूर्ण विषयको रूपमा रहेको छ आफ्नो वित्तीय स्थिति मजबुत बनाउदै भोलिका दिनमा हुन सक्ने जोखिम एवम् अप्रिय घटनाहरूबाट मुक्त हुन हरेक क्षेत्रमा हरेक किसिमका बीमा कार्यक्रमलाई पनि अङ्गिकार गर्दै जाने र बीमालाई अवलम्वन गरी जीवनमा घट्न सक्ने, आईपर्न सक्ने त्यस्ता बिभिन्न खालका जोखिमहरूबाट सुरक्षित रहने । अहिले खासगरी जीवन बीमा र निर्जिवन बीमा गरी २ किसिमका बीमाहरू प्रत्यक्ष रूपमा प्रचलनमा रहेको पाइन्छ, मानव जीवनमा सबै किसिमका बीमाको त्यतिकै महत्वपूर्ण र अपरिहार्य छ तर संस्थागत रूपमा वित्तीय कारोबार गर्दा जीवन बीमा सोमा पनि आवधिक लघुबीमाको महत्व अतुलनीय रहेको छ ।

विकाससँगै विनाश पनि रहन्छ भनेझै मानिस पल-पलमा जोखिमको घेरा भित्र रहिरहेको छ । कसैले कुनै व्यक्तिलाई इङ्गित गरेर कहिलेसम्म जिवित रहन्छ भनेर सोध्यो भने त्यसको एउटै मात्र उत्तर हुन्छ काल नआउन्जेल सम्म, अब फेरी अर्को प्रश्न थप हुन सक्ला काल कहिले र कसरी आउँछ भनेर ? यसको पनि नेपाली भनाई छ काल जुनसुकै बेलामा पनि आउन सक्छ तर काल आउदा बाजा बजाएर तामझामका साथ जानकारी दिएर आउँदैन । काल भन्नाले मर्ने मात्र नबुझिकन मानव जीवनमा हुन सक्ने कुनै पनि किसिमका अकल्पनीय घटना, दुर्घटना समेत बुझिन्छ । त्यसैले, यी घटना साथै परिघटनाबाट हुन सक्ने क्षतिको आर्थिक पाटो निराकारण वा हल गर्ने केवल एकमात्र माध्यम हो बीमा, त्यसैले भन्ने गरिन्छ संसारमा सबै भन्दा ठूलो आमा, आमा पछिको बीमा । एक तथ्याङ्क अनुसार औसतमा नेपालमा हाल बिहान घरबाट बेलुका घरमानै फर्कने गरी यात्रा गरेका मध्ये ९ जना व्यक्ति घरमा फर्कदैनन् अर्थात दुर्घटनाबाट मृत्यु हुन्छ र बेलुका ओछ्यानमा गएर सुतेको व्यक्तिहरू मध्ये बिहान ८ जना उठदैनन् अर्थात आकस्मिक कारणबाट मृत्यु हुन्छ यसका साथै सोही अनुपातको दरमा अशक्त र घाइते पनि हुन्छन् । सुन्दा हामी सबैलाई नरमाइलो लाग्न सक्दछ तर जुन परिवारमा यो बज्रपात पर्दछ उक्त परिवारलाई पर्ने पिडाको दर्दनात्मक व्यथा नपरेका परिवार वा व्यक्तिहरूलाई थाहा हुदैन, यदि बीमा गरिएको खण्डमा यस किसिमका घटना लगायत अकल्पनीय अन्य घटनाहरूबाट भएको क्षतिको आर्थिक राहतका लागि सबैभन्दा उत्तम माध्यम बीमा हो र आश्रित परिवारलाई आहातमा राहतको भूमिका बीमाले नै निभाएको हुन्छ ।

लघु बीमाको विषयमा भन्नुपर्दा लघुवित्त कम्पनीहरू, बिभिन्न किसिमका सहकारी संस्थाहरू जस्तै बहुउद्देश्यीय सहकारी संस्थाहरू, बचत तथा ऋण सहकारी संस्थाहरू, साना किसान सहकारी संस्थाहरू, अन्य वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूसंग आबद्ध सदस्यहरूको जोखिम बहन तथा आफ्ना सदस्य एवम् ग्राहकलाई दिइने विभिन्न कर्जाको सुरक्षणको निम्ति लाभन्वित सदस्यहरूबाट स-सानो प्रिमियत सङ्कलन गरी सदस्यहरूको म्यादी बीमा गर्न सकिन्छ जस अन्तर्गत बीमा लागू मितिदेखि रक्षावरण प्रारम्भ भई बीमालेखको म्याद समाप्ति नहुन्जेलसम्म बीमाले सुरक्षा प्रदान गरिरहने छ । न्यून बीमाशुल्कमा सहज प्रक्रियाद्वारा जीवन बीमा गर्नुको साथै दावी भुक्तानी पनि छिटो छरितो हुनु यस योजनाका मुख्य विशेषताहरू रहेको छ । यस बीमा योजनाले बहन गर्ने जोखिमहरू साथै सो अन्तर्गत प्रदान गरिने फाइदाहरू अतुलनीय रहेका छन् । यसरी वित्तीय कारोबार गर्ने सबै प्रकृतिका सहकारी संस्थाहरू र लघुवित्त सहकारी संस्थाहरूको वित्तीय सुरक्षणको लागि ब्याकवोनको रूपमा लघुबीमा (म्यादी जीवन बीमा) लाई लिन सकिन्छ सायद यही भएर होला सबै किसिमका वित्तीय संस्थाहरूमा लघुबीमालाई मुख्य स्थान दिएर अगाडि बढाएको पाउँछौं ।

जीवन बीमा लगायत यस किसिमका आवधिक बीमा सेवा उपलब्ध गराउने बिभिन्न बीमा कम्पनीहरू रहेका छन् जसमध्ये सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ । छिटो छरितो तवरबाट प्रविधिमैत्री एवम् गुणस्तरीय सेवालाई जोड दिदै सहकार्य गरेर देशका धेरै सहकारी संस्थाहरू, वित्तीय संस्थाहरू र लघुवित्त निकायहरू माझ सिटिजन लाइफ पुगेको छ, आज देशका धेरै संस्थाहरूले यो सुविधा प्राप्त गर्न सफल भएका छन् र यस कार्यक्रम मार्फत सदस्यहरूको जोखिमको सुरक्षण गरेका छन् । सहभागी नभएका वित्तीय संस्थाहरूले पनि छिट्टै सम्झौता गरेर सहभागीता जनाउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

अन्तमा जोखिम बहन गर्ने भनेको बीमाले मात्र हो त्यसैले बीमालाई हर क्षेत्रबाट महत्वका साथ हामी सबैले बीमा सम्बन्धी सचेतना कार्यक्रमलाई अगाडी बढाउँदै जानुपर्दछ, कहिकतै व्यक्ति विशेषको कारणले बीमा जस्तो पवित्र कार्यमा पनि समुदाय स्तरबाटै प्रश्नहरू उजागर भएका छन यसलाई उचित संशोधन गर्दै र सुशासन कायम गराउँदै अगाडि बढ्नुपर्ने हुन्छ, यस विषयमा राज्यले पनि बिशेष ध्यान दिनु पर्दछ । हामी बीमाका लिडरहरू पनि कटिबद्धताका साथ लाग्नुपर्ने हुन्छ ।

भरोसाको साथी, सिटिजन लाइफ: कविता



गङ्गा राम यादव
शाखा प्रमुख - लहान शाखा

जीवनको यात्रा अनिश्चित छ,
थाहा छैन के हुन्छ भोलि,
सिटिजन लाइफले दिन्छ सुरक्षा
बीमा गरौं हृदय खोली ।

बचत र सुरक्षा सँगै भविष्य बनाउँछ उज्यालो,
हामीसँगै हिड्छ सधैं दुःखमा हाल्छ अँगालो।

आफ्नो परिवारको खुसी सुरक्षित राख्नु सिटिजन
लाइफमा बीमा गर्नु,
बालकदेखि वृद्ध सबैको थाम्छ हात,
जीवनको हरेक मोडमा सिटिजन लाइफको साथ।

कविता



अन्तिमा खडका
सिटिजन लिडर - बझाङ शाखा

शब्दको अध्यायन गर्दै सदा त्यसको अर्थ बुझ्नु पर्छ,
सत्य सावित गर्नलाई आफू प्रत्यक्षदर्शी हुनु पर्छ,
कुन बखत के आई लाग्छ थाहा हुन्न हेर्नुहोस्,
आफ्नो अमुल्य जीवन रक्षा गर्न बीमा गर्नु होस् ।

जीवनमा आईपर्ने समस्याहरूलाई हटाउनु पर्छ,
भविष्यकालागि सहि मार्ग देखाउनु पर्छ,
सिटिजन लाइफ इन्स्योरेन्स संग सहयात्रा गर्दै,
जीवनमा आउन सक्ने जोखिम घटाउनु पर्छ ।

कहिले कहि साथी-सङ्गी सँग रमाउनु पर्छ,
बीमा गर्दै तपाईं हामी सबैले लाभ उठाउनु पर्छ,
आजको सानो निर्णयले भोलि जीवन सहज हुनसक्छ,
सम्झाउँदै बुझाउँदै सबैलाई बीमा गर्न लगाउनु पर्छ ।

बीमा गरौं जीवनका अनेक तनाव हटाउँछ,
जिन्दगीमा आईपर्ने हरेक जोखिम घटाउँछ,
जीवन बीमा गर्नु भनेको नै जोखिम हस्तान्तरण गर्नु हो,
भविष्य सुनिश्चित गर्ने माध्यम देखाउँछ ।

गर्न खोज्दैछ केही गरि देखाउनेछ,
तपाईंको सुरक्षाका निमित्त हरबखत लागिरहनेछ,
सम्झनुहोस् एक चोटि बुझ्न पनि आउनुहोस्,
सिटिजन लाइफ इन्स्योरेन्स समृद्धि तपाईंको चाहने छ ।

म हुँ अभिकर्ता



संगीता बस्नेत (काकी)
एजेन्सी म्यानेजर - सूर्यविनायक शाखा

सिटिजनको सन्देश छर्ने म हुँ अभिकर्ता
बीमा गर्नुस् जिन्दगी नै हुन्छ सार्थकता

बीमाको सन्देश बोकी हिँड्छु सहर गाउँ
बीमाको अभियान चलाई राख्छु आफ्नो कम्पनीको नाँउ

भन्झटिलो मान्नुहुन्न, भाग्नुहुन्न टाढा
बीमा गरौं पन्छाएर बाधा

घर परिवार समाज सबै बीमामय बनाई
बिरामीमा बीमाले नै खुवाउँछ है दबाई

हामी नै हो अभिकर्ता पुरा पर्नु भर
हामी लिन्छौं तिम्रो जोखिम हस्तान्तरण गर
छोरा छोरीको पठन पाठन औषधी र मुलो
गाह्रो साह्रो गर्जो टार्ने बीमा नै हो ठूलो

बीमा गर्नुस् आमा बुवा तीर्थ जानु पर्छ
जन्मे पछि मर्नु अघि केही त गर्नु पर्छ

अब्बल बन्लान् छोरा छोरी उचित पाए शिक्षा
बीमा गर्नुस् पूरा हुन्छ डाक्टर पाईलट बन्ने ईच्छा

भलो हुन्छ हजुरको नै सुन्नुस् हाम्रो कुरा
सारा सपना बीमाले नै गरि दिन्छ पुरा

आमा बुवा दाजु भाई दिदी बहिनी सबैले गरौं बीमा
बीमा बिना कोही हुन्न हाम्रो आखिरीमा

बिन्ती गर्छौं आजैबाट बीमा गर्नु होला
दुःख पर्दा ऋण नै ऋणको बोक्नु पर्दैन झोला



CSR HIGHLIGHTS

Financial Support of Rs. Five lakhs for the construction of Kathmandu Children's Hospital







Food Items Support for one month to Badi Sarokar Manch







CORPORATE SOCIAL RESPONSIBILITY (CSR)

Relief Materials Distribution for Flood Victims



Financial Support to Ganeshman Singh Swathya Pratisthan for Free Health Check Up of Senior Citizens



Warm school clothes distributed to 470 flood victim students from Roshi and 246 students from Dhading Chepang Community as their study was being affected due to cold weather









Sanitation and Dustbin Handover Program in Different Public Places







CORPORATE SOCIAL RESPONSIBILITY (CSR)

Financial Support of NRs. 3 lakhs to Shree Gargi Kanya Gurukul for girls education and shelter purpose who were from marginalized community



Financial Support of Rs 4 lakh to Enable Nepal to produce prosthetic Hand for differently able children



Blood Donation Programs













CORPORATE SOCIAL RESPONSIBILITY (CSR)

Traffic Awareness Program





Food Distribution in Old Age Home





Warm Clothes Distribution



वीमेन्स फोरम विशेष

नेपाली महिलाहरूको कर्पोरेट क्षेत्रमा भूमिका र संघर्ष



रीता पाठक
कर्पोरेट सेल्स - विभाग प्रमुख

मार्च ८, हरेक वर्षको अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा हामी संसारभरका महिलाहरूको संघर्ष, सफलता, र समृद्धिको सम्मान गर्नका लागि एकजुट हुन्छौं । यो दिवस महिलाहरूको अधिकार र समानताको लागि समर्पित रहेको छ । नेपाल जस्तो प्रगतिशील राष्ट्रमा, कर्पोरेट क्षेत्रमा महिलाहरूको भूमिका दिन प्रतिदिन महत्वपूर्ण बन्दै गएको छ । यद्यपि उनीहरूको यात्रा सहज छैन तर उनीहरूको संघर्ष र मेहनतले आज नेपाली कर्पोरेट क्षेत्रलाई नयाँ दिशा तर्फ पुऱ्याउनमा मद्दत गरेको छ ।

कर्पोरेट क्षेत्रमा महिलाहरुको भूमिका :

आज नेपाली कर्पोरेट क्षेत्रमा महिलाहरु आफ्नो क्षमताको अधिकतम उपयोग गर्दै उच्च स्थानमा पुगेका छन् । बैंकिङ, वित्त, सूचना प्रविधि, होटल, उद्योग, निर्माण, शिक्षा लगायत विभिन्न क्षेत्रहरूमा महिलाहरूले नेतृत्वका पदहरु सम्हाल्दै आएका छन् जसको उदाहरणका लागि, महिलाहरु अहिले सीईओ, निर्देशक र अन्य महत्वपूर्ण पदहरूमा कार्यभार सम्हाल्दै आएका छन् । महिलाहरूको आर्थिक र सामाजिक योगदानले नेपालको थुप्रै कर्पोरेट संस्था र क्षेत्रमा ठूलो परिवर्तन ल्याएको छ ।
यसका साथै, महिलाहरूको उत्कृष्ट कार्यशैली, इमानदारी र समर्पणले संस्थाहरूको विकासमा मद्दत पुऱ्याएको छ । महिलाहरु न केवल आफ्नो दक्षताले, तर सहयोगी भावना र समावेशी नेतृत्वका कारण पनि उत्कृष्टता हासिल गरिरहेका छन र उनीहरूको प्रयासले कर्पोरेट क्षेत्रलाई प्रगति र समृद्धिको नयाँ युगमा पुऱ्याएको छ ।

महिलाहरूको संघर्ष :
महिलाहरूले नेपालको कर्पोरेट क्षेत्रमा पुरूषहरू जतिकै योगदान पुऱ्याउदै आएता पनि उक्त क्षेत्रमा महिलाहरूले आजसम्म पनि केही प्रमुख संघर्षहरूको सामना गर्नु परिरहेको छ । एकातिर महिलाहरूलाई समान अवसरको अभाव छ भने अर्कोतिर पारिवारिक जिम्मेवारी र कर्पोरेट जीवन बीच सन्तुलन कायम राख्नको लागि कठिनाइ भइरहेको छ । महिलाहरूले कर्पोरेट क्षेत्रमा सामना गर्नुपरेको मुख्य ३ समस्याहरू यस प्रकार रहेका छन् ।

१. लैंगिक भेदभाव
अहिलेको अवस्थामा कर्पोरेट क्षेत्र अझै पनि पुरूष प्रधान मानिन्छ । महिलाहरूलाई धेरैजसो पुरूषहरूको तुलनामा कम अवसर र जिम्मेवारी दिने गरिएको छ । महिलाहरूको कामको मूल्याङ्कन पनि कहिले काँही पुरूषहरूसँग तुलना गरेर गरिन्छ ।

२. समान अवसरको कमी
नेपालको कर्पोरेट क्षेत्रमा महिलाहरूलाई अग्रिम पदमा पुऱ्याउन सधैं समान अवसर मिलिरहेको हुँदैन, जसले गर्दा महिलाले सधैं बढी मेहनत र संघर्ष गर्नुपर्ने अवस्था आइपर्छ । यो पुरानो मानसिकताको परिवर्तन गर्नुपर्ने आवश्यकता छ ।

३. पारिवारिक र कार्य जीवनको सन्तुलन
नेपालमा अझै पनि पारिवारिक दायित्व र करिअरका बीच सन्तुलन राख्नु महिलाहरूको लागि चुनौतीपूर्ण कार्य रहेको छ । धेरै महिलाहरूलाई घर र काम बीचको सन्तुलन कायम राख्नका लागि मानसिक र शारीरिक संघर्ष गर्नुपरेको देखिन्छ जसका कारण कतिपय महिलाहरूले आफ्नो करिअरको त्याग गर्नुपरेको हुन्छ भने काम गर्ने महिलाहरूले बढी संघर्ष गर्नुपर्ने देखिन्छ ।

महिलाहरूको सफलता र प्रेरणा :
यी सबै कठिनाइहरूको बाबजुद, नेपाली महिलाहरूले कर्पोरेट क्षेत्रमा ठूलो सफलता हासिल गरेका छन् । उनीहरूले परिवारका सदस्यहरूको समर्थन र आफ्नै आत्मविश्वासका साथ यी सबै चुनौतीहरु पार गर्दै कर्पोरेट संसारमा आफ्नो स्थान बनाएका छन् । नेपाली महिलाहरूको कर्पोरेट क्षेत्रमा रहेको योगदान र सशक्त नेतृत्वले सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निभाएको छ । महिलाहरूको संघर्ष र सफलता देखेर नयाँ पुस्ताका महिलाहरु पनि आफूलाई सशक्त बनाउन र कर्पोरेट क्षेत्रमा अगाडि बढ्न प्रेरित भएका छन् ।

निष्कर्ष :

अन्तर्राष्ट्रिय महिला दिवस नेपाली महिलाहरूको कर्पोरेट क्षेत्रमा सफलतालाई सम्मान गर्ने, उनीहरूको संघर्ष र बलिदानलाई सराहना गर्ने र भविष्यका लागि थप अवसरहरु सिर्जना गर्ने दिवस हो । महिलाहरूका लागि अब कर्पोरेट क्षेत्र केवल चुनौतीपूर्ण मात्र होइन, अवसरको भूमि बनिरहेको हामी माझ अवगत नै छ । नेपाली कर्पोरेट क्षेत्रमा बाधिएका महिलाहरूलाई समान अवसर प्रदान गरेर, उनीहरूको यात्रा थप सजिलो र समृद्ध बनाउन हामी सबैको कर्तव्य रहेको छ ।

आजको यो दिवसले हामीलाई कर्पोरेट क्षेत्रमा महिलाहरूको भूमिका र योगदानको महत्व सम्झाउँदछ । महिला सशक्तिकरण र समानता भनेको एउटा अधिकार मात्र नभई सबै महिलाहरूको भविष्यको प्रगति र समृद्धिको सुनिश्चितता हो ।

आज मार्च ८



कुबेर पाठक
तालिम तथा विकास - विभाग प्रमुख

न त पढ्न, न काम गर्न, न भोट हाल्नै स्वतन्त्रता थियो
उ बेला महिलालाई !
सन् १९०८ मा न्यूयोर्क सिटि पुरै उठ्यो, १५००० महिलाहरूको
सहभागितामा, जसले माग्यो - तलब, काम गर्ने अवधि र मतदान !
त्यसैले त योगमाया आमा भन्नुहुन्थ्यो - बाबु, कहिलेकाँही बन्दुक तल
राख्न, बन्दुक उठाउनुपर्छ !
यो त्यही देश नेपाल हो, जहाँ कुनै समय सती प्रथा थियो,
आफ्नो श्रीमान बित्दा, आफू पनि सँगै जल्नुपर्ने व्यवस्था !
हो - योगमाया आमा उनै हुन् - आज भन्दा ८५ वर्ष अगाडि
हामी विधवाले अर्को बिहे गर्न पाउनुपर्छ,
हामी महिलाले वेद पढ्न पाउनुपर्छ भनेर,
आफू सँगै ६० जना महिलालाई लिएर तरूण खोलामा हामफालेर
आत्मदाह गरिन् ।
वर्षैदेखि दासताले पिसिएका, घर-दैलो र मेलापातमा रेल्लिएका,
उत्पीडन र लैंगिक असमानताले जातो झैं थिचिएका आइमाईहरू,
बिहानै एक ढोक्से पतकर ल्याएर, खोले बोकेर लम्कन्छन्
पाइलाहरू गोठ तर्फ,
बिचरा, तिनीहरूको भित्तेपात्रोलाई के थाहा - आज मार्च ८ अर्थात
नारी दिवस हो !
थाहा हुदों हो त - आइमाईहरू एकाएक नारी बन्ने थिए,
हल्का च्यातिएका फरियाहरू, एकाएक सारी बन्ने थिए,
अनिन्द्राले सुन्निएका आँखाहरूले, गाजल र मस्कारा भेट्ने थिए,
ग्राफ कापीको धर्को झैं फुटेका खुट्टाहरूले - पेन्सिल हिल भेट्ने थिए
पटुका एकाएक- त्यो भन्दा सानो one piece बन्ने थिए
फुटेका ओठहरूबाट निस्केका रगतलाई - लिपिस्टिकले कभर
गर्ने थिए
अम्रिसाका पातहरूले पासेका हातहरूलाई - मेक अपले
छोप्ने गर्ने थिए, मेलापात, ऐचौपैचो एकाएक bunk गर्दै
- सभा, सेमिनार र गोष्ठीमा attendance गर्ने थिए,
उक्त सभा, सेमिनार र गोष्ठीमा अरू त के हुनु ?
रक्सीका बोत्तलहरूले महिला सशक्तिकरणका गीत गाँउथे,
मासुका पिसहरूले, दासताको उन्मुलन गरेको भान दिन्थे,
ठूला ठूला स्पिकरहरूले बोल्ने स्वतन्त्रताको ज्ञान दिन्थे !
तर अफसोस मार्च ८ सक्किएर, मार्च ९ बन्दै गर्दा,
फेरी नारीहरू एकाएक आइमाई बनेर घर फर्किए
वडाध्यक्ष - छाउ बनेर गोठभित्र बसिन्,
अधिकारकर्मी दाइजो माग्न थालिन्,
महिला समूहको अध्यक्षले- बोक्सीको आरोप लगाइन्
शिक्षिकाले-छोरालाई Boarding पठाएर, छोरीलाई स्कुल
पठाउन थालिन्, नेतृलाई आफ्नो पहिलो सन्तान छोरा चाहियो,
डाक्टरले माइतमा कहिल्यै नबारेको महिनावारी,
जब घरमा बार्न थालिन्
अनि महिला अधिकारकर्मीले अर्को वर्षको पात्रो किनेर
गोलो घेरा लगाइन् - मार्च ८ २०२६
फेरी एकचोटी आइमाईबाट नारी बन्नलाई !
फेरी एकचोटी आइमाईबाट नारी बन्नलाई !!

सहनशीलताकी प्रतिमूर्ति



बीनु राजपुत्र
तालिम तथा विकास विभाग

निन्द्रादेवीको काखबाट बिउँझे लगत्तै आफ्नो सबै नित्य
कर्म गर्न हरदम तत्पर रहने,
अन्नपूर्ण जस्तै सबैलाई खुवाइवरी आफ्नो पेट पछि भर्न हरदम
तत्पर रहने,
बाध्यता भनौं वा कामप्रतिको मोह हरदम हरक्षण आफू संलग्न
हरेक क्षेत्र व्यवस्थित गर्न
तत्पर रहने तिमी साच्चै सहनशीलताकी प्रतिमुर्ति हौ ।
तिम्रो सहनशीलताले मानौं यो सृष्टिको उद्धार भएको छ ।
तिमी प्रकृतिको एक महत्वपूर्ण अंश हौ सृष्टि सञ्चालनार्थ ।
प्रकृतिले पनि आफूलाई फिक्का ठान्छिन् होली तिम्रो अभावमा ।
प्रकृतिद्वारा पनि विभेद नगरिएको महिला पुरूषको सम्बन्धलाई
पितृसत्तात्मक समाजले कमजोर र बलियो भनि संज्ञा दिइरहँदा,
सोही पितृसत्तात्मक समाजमा उही महिलाले जन्माएको छोरोले
समाजमा बढाउने गौरव
उही महिलाले जन्माएकी छोरीले निहुऱ्याउने शिर भएतापनि
निरन्तर आफ्नो कर्तव्यबाट कतिपनि बिमुख नभइदिने
तिम्रा ति अठोटले यो संसारलाई निरन्तरता दिइरहँदा तिम्रो
सहनशीलताले पनि तिमीलाई साथ दिइरहेको आभाष हुनेछ ।
पितृसत्तात्मक समाजद्वारा गरिएको व्यवहार र संस्कारले सानैदेखि
सहनशीलताको पाठ पढिरहँदा,
तिम्रा ति कलिला हातका खेलौनाहरूमा विभेद भइरहँदा,
तिमीले लिने शिक्षामा विभेद भइरहँदा, अरूको घर जाने
जात भनि तिम्रा ति इच्छा,
आकाङ्क्षा सबै दबाइरहँदा,
पुरूषको वासनापुर्तिको साधन बनिरहँदा,
आफ्ना भन्दा अरूको निमित्त ज्यादा सोच्ने भइरहँदा,
आफ्ना भन्दा आफन्तको स्वास्थ्यलाई ज्यादा महत्व दिइरहँदा,
नतमस्तक भई आफ्नो कर्तव्य निर्वाह गर्ने तिमी साच्चै
सहनशीलताकी प्रतिमुर्ति हौ ।
विवाहपछि पनि बढ्न खोज्ने तिम्रा ति हात र खुट्टाहरूलाई चार
भित्तामित्र कैद हुन बाध्य गरिरहँदा,
दास भैं २४ सौं घण्टा काम गरी नथाक्ने तिम्रा ति शरीर,
दुई शब्दको अभद्र बोलीले कट्का खाने तिम्रा ती मनलाई पनि
सहनशीलताले सम्झाउँदै भन्छिन् होली जन्मथलो
छाडी कर्मथलो गई अरूलाई रिजाई बस्ने गर भनि,
तिमीले घरभित्र गर्ने काम अदृष्य, अनौपचारिक,
आर्थिक दृष्टिकोणबाट अपरिचित भए भैं तिमी स्वयम् पनि माइत
र लोग्नेको घरको लागि अपरिचित भइरहेको भान भए भैं
कुन घर आफ्नो कुन घर पराई भन्ने मानसिक द्वन्द्व बीच फसिरहँदा,
के भयो भनेर सोध्ने बोली नहुदा पनि आकुल नहुने तिम्रा विचारले पनि
सहनशीलता तिमीभित्र अर्न्तनिहित रहेको भान हुन्छ ।
त्यसैले पन्छी भैं उड्न खोज्ने तिम्रा ति पखेटालाई अब
सहनशीलताको आडमा
कुण्ठित नगरी स्वतन्त्र भई खुल्ला आकाशमा विचरण गर्न,
साहसी भई हरेक क्षेत्रमा पाइला अगाडि बढाई
कामको सही मूल्याङ्कन लिन,
अब तिम्रा पाइला नरोकुन्, पछि नहटुन्
समाजद्वारा लादिएको व्यवहार र संस्कारको अगाडि
आफ्ना आकाङ्क्षालाई तिलाञ्जली दिन तिम्रा
सहनशीलताका हातहरू पनि सधैं कापून् ।



नारी

अनुसा अधिकारी
कार्यालय सहायक

घर न घाट वारी न पारी हुन नपरोस् ।
सखापै पार्ने गरी महमारी हुन नपरोस् ।
मन भारी हुन्छ यही सम्झिएर कि महोदय ॥
यहाँ हुन परे कै कारण नारी रून नपरोस् ।

नारीशक्ति शक्तिशाली साम्राज्य निर्माण करोती, अर्थातः नारी सशक्तिकरणले भनिन्छ, नारी देवी हुन यही भनाई अनुसार कतिपय कुराहरू लागू पनि हुन्छन् ।

त्यसैले त धर्मशास्त्र अनुसार हामी कन्यापुजन गर्छौं । यो भयो बालापनको कुरा, बालापनमा पुजिने हामी नारी बच्चा बेलादेखि बुढेसकालसम्म विभिन्न परिस्थिति र भोगाईसँग जुध्छौं, समस्यासँग लड्छौं । दुखाई त हामीले आफ्नो जन्मकाल खण्डबाट नै आफ्नो भागमा पाएका हुन्छौं । पिडा त मानौं हामी नारीको लागि अपरिहार्यको साथै अकाट्य छ । समस्या भनुम या व्यथा, पिडा भनुम या दुखाई यो सब नारी जीवनको अभिन्न पाटो हो । यी सब सहनको लागि केहि हदसम्म चाहिं उनकै साथमा भएको आँसुसम्म आउँछ ।
जसरी देवीका अनेकौं रूप भएर पनि उनि एक छिन्, तेस्तै गरी नारीका अनेकौं रूप भएर पनि उनी एक नै छिन् नारी । जीवनको फरक-फरक काल खण्डमा फरक-फरक स्वरूप भएर आउछिन् तर पनि उनको पहिचान फेरिदैन हुन त उनी नारी ।
दुई अक्षरको शब्दबाट कुँदिएकी नारी कल्पनाभन्दा पर गएर भारी जीवन जिउँछिन् । जुन भारीको बखान गरेर सकिँदैन। उनको सहनशीलताको मापन पृथ्वीसँग पो गर्न सकिन्छ कि जति फराकिलो यी पृथ्वीरूपी आमाको छाती छ तेस्तै गरी फराकिलो छ उनको दिल पनि । जसरी बरसाउँछिन् फुलले सुगन्ध , जसरी पठाउँछ हिमालले शितलता, जसरी अटल छन् ती पहाडहरू अनि जसरी फिजाउँछिन् आँचल तराईले त्यसै गरी उनी वर्षाउँछिन्, उनी पठाउँछिन् अनि उनी फिजाउँछिन् मायाको पोकोहरू र त्यस्तै अटल छन् उनको ममताको खम्बा । त्यसैले होला मलाई धर्ती र नारी एक किसिमले समान लाग्छिन् ।

साँच्चै भनु भने मलाई यस्तो लाग्छ नारीको सबैभन्दा सर्वश्रेष्ठ रूप हो आमा उनको त्याग र बलिदानको बयान गर्न अक्षररूपी शब्दको अभाव नै हुन्छ । लाग्छ, सगरमाथाबाट बगेको हिमनदी उनको छातीमा आएर टक्क जमेकी हुनुपर्छ । सायद महादेवको जटाबाट बगेकी गंगा उनको ति कोमल आँखामा समाइएकी हुनुपर्छ । त्यसैले त बगाउँन सक्छिन् उनी अमृतरूपी करूणा र स्नेहरूपी ममताको अविरल धाराहरू । भर्खर जन्मिएकी बच्चीको भाग्य पनि उनि नारी भएकै हिसाबले तय हुन्छ । उनको खानेकुरा देखि उनले लगाउने र खेल्ने कुरासम्म उनि नारी हुन् भन्ने हिसाबले तय गरिन्छ । यसले उनको पहिचान त कोरिदियो तर कता-कता समाजले एउटा नारी हुनुको सिमाना तोकिदियो कि ? समाजमा बलियो गरी जरा गाडेको नारी प्रतिको अवधारणा फेरिन अझै समय लाग्न सक्नेछ । एउटा यस्तो तगारो छ नारीको लागि जुन तगारो बन्देजको एउटा बिउ हो । पुरातनवादी सोच जसले एक किसिमको छाप समाजमा छोडिदिएको छ । नारी भएर यो गर्नु पर्छ, यो गर्नु हुन्न, त्यो गर्नु पर्छ, त्यो गर्नु हुन्न आदि इत्यादी । बन्देजको सिमानामा बसेर पनि यहाँ सम्मको बाटो तय गर्न हामी नारीहरू सफल भएका छौं । समयसँगै सोच पनि बदल्नुपर्छ । अगाडि बढ्नुपर्छ र बढाउनुपर्छ । हातमा हात, काँधमा काँध मिलाएर सम्पूर्ण नारी जगतलाई साथ लिएर अगाडि बढ्नुपर्छ । परिवर्तनको पहिलो पाइला इच्छाशक्ति हो । जुन हामीमा भरपुर छ । आज नारी दिवसको अवसर पारेर यो सुनौलो मौका दिनु भएकोमा धन्यबाद व्यक्त गर्दै अन्तमा एउटा मुक्तक सहित आफ्ना भनाइहरू अन्त्य गर्न चाहन्छु ।
हँसिलो मुख पारेर तिम्ले दिएको दबाब छ मसँग
डगमगाउँदै अड्कलेर तिम्ले दिएको अभाव छ मसँग
अहो कत्रो शान तिम्रो, बोल्नै सकिन भन्छौ अरे
सोध्न सक्छौ सोध, तिम्रा हर प्रश्नको जवाफ छ मसँग ।

नारी: सृष्टिको उज्यालो



कल्पना श्रेष्ठ
शाखा कार्यालय सहायक
- विराटचोक

नारी तिमी प्रेमको स्रोत,
आशाको उज्यालो, सृजनाको
आँगनमा फुल्ने सुगन्धी गुलाबको
पातलो ।
ममताको महासागर,
सहनशीलताको पहाड,
विश्वलाई जीवन दिने तिम्रै
हातको आशीर्वाद ।

घरको दिप, समाजको आधार, तिमी बिना अधुरो संसार,
आँधीसँग लड्ने साहस तिम्रै छ, तिमी बिना केही निवार ।
कहिले आमा, कहिले छोरी, कहिले बहिनी, कहिले साथ,
तिम्रै मायाले भरिएको छ यो सिंगो धर्तीको काख।

इतिहासका पात्रहरु बोल्छन् तिम्रो बलिदान, सीता, जानकी,
भृकुटी, अरनिकोकी असल सन्तान ।
तिमी कला, तिमी संगीत, तिमी कविता, तिमी प्रकाश,
तिम्रो अस्तित्वले जीवन बनाउँछ अनुपम र सुवास ।

तर किन अझै तिमीलाई हेप्ने गर्छ समाज ?
किन चुप बस्नु, तिमी त परिवर्तनकी आवाज !
समानताको लागि लड, आफ्ना अधिकार खोज,
तिमी सृजनशील, तिमी बलशाली, आफूलाई नसम्झ है कमजोर ।

शिक्षा, विज्ञान, राजनीति, हरेक क्षेत्र तिम्रो हो,
तिमी नभई सम्भव छैन, यो सिंगो जगतको नीति ।
सपना बुन्ने तिमी नै हौ, सपना पुरा गर्ने पनि तिमी,
नारी तिमी उज्यालो, तिमी बिना अधुरो धरा र गगन यति ।

अतः उठ, जाग, आफ्ना पखेटा फैलाउ,
सृष्टिको सिंगो स्वरूपलाई उज्यालोले सजाउ ।
नारी तिमी शक्ति, नारी तिमी माया,
नारी तिमी संसारको सबैभन्दा सुन्दर छाँया।

नारी तिमी श्रृष्टीकी आधार, जीवनकी मिठास,
स्नेह, ममता, शक्ति तिमी, सौन्दर्यकी परिभाष ।
तिम्रो स्नेहबिना सुकेला ती बगैंचाका फूल,
तिमी बिना अधुरो यो जीवनको मूल ।

घरको आँगनमा उज्यालो छर्ने जून,
तिमी बिना अधुरो, तिमी बिना सुन ।
बिहानीको किरण जस्तै, तिमी ज्योति छर्ने,
दुःखका बादल हटाइ, आशाको गीत गाउने ।

कहिले आमा, कहिले छोरी, कहिले बहिनी स्नेही,
नारी तिमी प्रेरणा, नारी तिमी धरोहर यही ।
समाज तिमी बिना अधुरो, भविष्य तिम्रो हातमा,
संसारको सुन्दरता तिम्रै सम्मानमा ।

तर किन अझै तिमी बाँधिएकी छ्यौ सिमानाभित्र ?
किन रोकिएको छ तिम्रो आवाज यो संसारभित्र ?
तिमी आकाश छुन सक्छौ, आकाश तिम्रै हो,
बन्द कोठा तोड, बाहिर उज्यालो तिम्रै हो ।

नडराउ, अघि बढ, आफ्ना सपना बुन्ने बेला,
तिम्रो पाइलाले नै बदलिन्छ संसारको मेला ।
स्वतन्त्रता तिम्रो जन्मसिद्ध अधिकार,
आफ्नो अस्तित्व खोज, च्यात परम्पराका भार ।

आजको युगमा तिमी सिमित रहनु पर्दैन,
नभुल, तिमी नै हौ यो जगतको आत्मा, संवेदन ।
तिम्रो हाँसोले संसार उज्यालो बनाओस्,
नारी तिमी उज्यालो, नारी तिमी प्रेरणा बन ।
नारी, तिमी सीमित छैनौ, तिमी असीमित छ्यौ,
विश्व बदल्ने ऊर्जा, तिमी अद्वितीय छ्यौ ।

महिला



महेश प्रशाद चौधरी
शाखा कार्यालय सहायक
-धनुषा

महिला मानव सभ्यताको एउटा अविच्छिन्न हिस्सा हुन् । इतिहासदेखि वर्तमानसम्म महिलाले समाजलाई आकार दिने, परिवारलाई बाँध्ने, संस्कृतिलाई जोगाउने र नयाँ पुस्तालाई तयार पार्ने काममा महत्वपूर्ण भूमिका खेलेका छन् तर, यो यात्रा सरल थिएन । यो निरन्तर संघर्ष, चुनौती र अवसरहरूको मिश्रण हो । समयक्रममा महिलाले भोगेका विभेद, अन्याय, सशक्तिकरणका प्रयास र आजको अवस्थामा आइपुगेको कथा आफैंमा प्रेरणादायी रहेको छ ।

इतिहासमा महिलाको भूमिका :

पुरातन समाजमा महिलालाई प्रायः घर-व्यवस्थापन र सन्तान लालनपालनमा सिमित गरिएको थियो । उनीहरूलाई शिक्षा, सम्पत्ति र राजनीतिक सहभागीताबाट वंञ्चित गरिएको थियो । कतिपय समाजमा त महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्थ्यो । तर, त्यसै समयका केही महिलाहरूले इतिहासमा अमिट छाप छोडे । नेपालमा पनि भृकुटी देखि चण्डी सम्मका कथाहरू महिला साहसका प्रमाण हुन् । महिलाहरूले युद्धदेखि राजनीति र साहित्यसम्म योगदान दिएकै छन्, तर त्यस्ता कथाहरूलाई प्राय ओझेलमा पारियो ।

महिला र शिक्षा :

शिक्षाले महिलाको जीवनमा सबै भन्दा ठूलो परिवर्तन ल्यायो । शिक्षाले महिलालाई आत्मनिर्भर, सचेत र अधिकार प्रति जागरूक बनायो । नेपालमा दरबार स्कुल स्थापना हुँदा महिलालाई प्रवेश दिइएको थिएन । तर, पद्मकन्या स्कुल स्थापना भएसँगै महिलाहरूले औपचारिक शिक्षामा पाइला टेके । आज शिक्षाका ढोका खुलेका छन, तर ग्रामीण भेगका धेरै बालिकाहरू अझै पनि विद्यालयको पहुँच भन्दा बाहिर छन् । महिलाहरूको सशक्तीकरणको मूल आधार हो शिक्षा, जसले आर्थिक, सामाजिक र राजनीतिक हिसाबले महिलालाई सक्षम बनाउँछ ।

महिलाका आर्थिक योगदान :

समाजमा महिलाको श्रम देखिने मात्र होइन, अदृश्य श्रम पनि छ । घरायसी काम, बालबच्चा हेरचाह, ज्याला मजदुरी, कृषि कर्मदेखि उद्योग, व्यवसाय र प्रविधि क्षेत्रमा महिलाले ठूलो योगदान पुऱ्याएका छन् । नेपालमा कृषिमा महिलाको संलग्नता ७० प्रतिशतभन्दा बढी छ, तर उनीहरूको श्रमलाई पर्याप्त मान्यता दिइएको छैन। यद्यपि, सहकारी, साना उद्यम, महिला उद्यमशीलता जस्ता अभियानहरूले महिलालाई आर्थिक रूपमा सबल बनाउन योगदान गरेका छन् ।

महिला र राजनीति :

राजनीतिमा महिलाको सहभागीता लोकतन्त्रको सूचक हो । नेपालमा महिला सहभागीताको यात्रा लामो संघर्षबाट सम्भव भएको हो । २०४७ पछि मात्रै महिला नेतृत्वमा केही अवसरहरू देखिन थाले । स्थानीय तहमा ३३ प्रतिशत आरक्षणले केही हदसम्म महिलालाई निर्णय प्रक्रियामा ल्याएको छ, तर नीति निर्माण तहमा अझै पनि महिला सहभागिता न्यून छ । महिलाहरूलाई मात्र संख्या बढाउने वस्तु होइन, उनीहरूको आवाज, दृष्टिकोण र अनुभवलाई नीति निर्माणमा समाहित गरिनुपर्छ ।

महिला हिंसा र कानुनी अधिकार :

महिलामाथि हुने हिंसा, विभेद र शोषण नेपाली समाजका गम्भीर समस्या हुन् । घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा, मानव बेचबिखन, यौन हिंसा, सामाजिक बहिष्कारजस्ता समस्या अझै पनि कायम छन् । कानुनी रूपमा महिला अधिकार सुरक्षित छन् – संविधानले समानता र न्यायको ग्यारेन्टी दिएको छ । तर व्यवहारमा ती कानुनहरूको कार्यान्वयन कमजोर छ। महिलाहरूलाई न्याय दिलाउने प्रक्रियामा समाजका पुराना संरचनाहरू बाधक बन्छन् ।

महिला सशक्तीकरणका पहलहरू :

महिला सशक्तीकरण भनेको अधिकार, क्षमता र अवसरमा समान पहुँच हो । शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्ति, राजनीतिक प्रतिनिधित्व, सुरक्षा आदिमा महिलालाई समान अवसर दिइनु महिला सशक्तीकरणको आधार हो । नेपालमा महिला समूह, सहकारी, नागरिक समाज, अन्तर्राष्ट्रिय संस्थाहरूले महिलाको क्षमता विकास र नेतृत्व विकासका थुप्रै अभियान चलाएका छन् । सीपमूलक तालिम, उद्यमशीलता विकास, आर्थिक पहुँचका कार्यक्रमहरूले महिलालाई आत्मनिर्भर बन्न सघाइरहेका छन् ।

सामाजिक कुरीति र महिलाको संघर्ष :

नेपाली समाजमा महिला अझै पनि अनेक सामाजिक कुरीति र परम्परागत सोचका चपेटामा छन् । छोरा चाहिने मानसिकता, मासिक धर्मप्रतिको विभेद, विधवा माथिको अत्याचार, जातीय विभेद, बालविवाहजस्ता समस्याहरूले महिलाको जीवनलाई अझ जटिल बनाउँछ । समाजमा देखिने खुला विभेदभन्दा मनोवैज्ञानिक हिंसा र असमानताका स्वरूपहरू अझै गहिरा छन् । यी समस्याहरूको अन्त्य गर्न कानुनी सुधार मात्र होइन, सामाजिक चेतना र व्यवहार परिवर्तन अपरिहार्य छ ।

महिलाको उपलब्धि र सफलता :

सकारात्मक पक्ष हेर्ने हो भने, नेपाली महिलाहरूले शिक्षा, राजनीति, खेलकुद, व्यवसाय, साहित्य, कला, प्रविधि हरेक क्षेत्रमा आफूलाई स्थापित गरेका छन् । पासाङ ल्हामु शेर्पादेखि याङजी शेर्पासम्म, अनुराधा कोइरालादेखि सविता भण्डारी सम्मका महिलाहरूले समाजमा प्रेरणाका स्रोत बनेका छन् ।

नारीवाद र नयाँ दृष्टिकोण :

समकालीन समाजमा नारीवादले महिलाको संघर्षलाई नयाँ भाष्य दिएको छ । नारीवाद भनेको पुरूषविरोधी अभियान होइन, यो समानताको खोजी हो । नारीवादले महिला र पुरूष दुवैलाई सामाजिक संरचना र लैंगिक भूमिकाका बारेमा पुनर्विचार गर्न प्रेरित गर्छ । नेपाली सन्दर्भमा नारीवादले शिक्षा, स्वास्थ्य, रोजगारी, समान तलब, कानुनी अधिकार, यौनिक स्वतन्त्रता र राजनीतिक भागीदारीजस्ता विषयलाई प्राथमिकतामा राखेको छ ।

निष्कर्ष :

महिला न समाजको सुन्दर श्रृंगार मात्र हुन्, न त केवल सहायक पात्र । उनीहरु नेतृत्वकर्ता, सिर्जनाकार, पालक, सुधारक र समाजका मेरूदण्ड हुन् । महिलाको सशक्तीकरण, सम्मान र समानताबिना समृद्धि र न्यायपूर्ण समाजको कल्पना गर्न सकिँदैन । आजको युगमा महिला मात्र होइन, हरेक व्यक्ति र संस्था महिला अधिकारको पक्षमा उभिनु समयको माग हो। किनकि महिला अधिकार भनेको मानव अधिकार हो, जसले सबैलाई न्याय दिलाउँछ ।



GALLERY

CITIZEN LEADERS NIGHT 2024









Trademark Registered Announcement



Graduation program of Citizen Leaders in Citizen Leader's Night 2024





MDRT 2024



MDRT 2025



Citizen Annual Business Retreat 2081





Insurance Awareness Program



















AML/CFT Training





Awarded with the HRM Nepal "Corporate Excellence Award 2024" in Life Insurance Category



Gender Violence Awareness Program Organized by Citizen Life Women's Forum Conducted by Parbati Aryal- Secretary of Nepal Women Commission



Citizen Life Women's Forum Meeting and Information Sharing Session





Teej 2024













Sales Capacity Enhancement Training - 9th Edition



Operational Capacity Enhancement Training

9th Edition



Corporate Office, Kathmandu

10th Edition



Bardibas

11th Edition



Gaindakot

12th Edition



Kohalpur

13th Edition



Corporate Office, Kathmandu

Citizen Personality Excellence Training by Former Miss Nepal and Media Person Ms. Sugarika KC



Sales Capacity Enhancement Training Program by International Trainer Mr. Bijay Kumar Jha



Regional Level Award Ceremony and Sales Capacity Enhancement Training Programs



West Region- Kohalpur



East Region- Biratchowk



Mid Region - Bardibas



Mid Region- Kathmandu



Mid West- Butwal



Mid West- Pokhara

Participated in She Strikes Corporate Women's Cricket









Participated in Men's Futsal on the occasion of 57th Anniversary of Nepal Insurance Authority







Diversity and Inclusion















Citizen Life™ Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

प्रधान कार्यालय एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
☎ ०१-५९७०२१७/५३१६०००
www.citizenlifenepal.com

/CitizenLifeInsurance/ /CitizenLifeInsurance/ /CitizenLifeInsurance/ /CitizenLifeInsurance/ /CitizenLifeInsurance/